केन्द्रिय दैवी प्रकोप उद्धार समिति
मिति : २०६४।२।८ ८
*प्रथम संशोधन २०६४।४।१३ ८८
**दोस्रो संशोधन : २०६९।२।२९
***तेस्रो संशोधन : २०७३।४।१२
****चौथो संशोधन : २०७३।०५।०७
*****पाँचौ संशोधन २०७३।१०।१४

# प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४

१) उद्धार तयारी व्यवस्थापन

क) केन्द्रीय दैवी प्रकोप उद्धार समितिले खोज र उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी जुन सुकै क्षेत्रमा प्रकोप आएका बखत आवश्यकता अनुसार तत्काल राहत पुऱ्याउने व्यवस्था मिलाउने । यसका लागि खोज तथा उद्धार सामग्री केन्द्रीय, क्षेत्रीय र आवश्यकताअनुसार जिल्लास्तरमा** भण्डारको व्यवस्था गर्ने । जोखिममा परेका वस्तीको पहिचान गरी त्यस्ता बस्तीको संरक्षण अथवा बस्ती स्थानान्तरण लगायतका उपयुक्त व्यवस्था गर्नको लागि आवश्यक अध्ययन अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण, बजेट तथा श्रोत साधनको व्यवस्था गर्ने र यस्ता वस्तीको जोखिम घटाउने सम्बन्धी कार्यक्रमको कार्यान्वयनको व्यवस्था गर्ने । प्रकोपको जोखिममा रहेका क्षेत्रको Risk Assessment तथा Hazard Mapping को व्यवस्था गर्ने ।

(ख) क्षेत्रीय एवं स्थानीय स्तरका प्रकोपका प्रकृतिको पहिचान गरी सो बाट पीडितहरुको खोजी र उद्धार गर्ने कार्य को लागि दक्ष र तालिम प्राप्त जनशक्ति न्यूनतम २५ जना जुनसुकै बेला परिचालन गर्न सकिने अवस्थामा राख्ने व्यवस्था क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीले मिलाउने । तालीम प्राप्त जनशक्तिको साथै प्रकोपको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका[२] साथै आपत्कालीन खाद्यान्न एवं लत्ताकपडाका भण्डारणको व्यवस्था गर्ने ।

(ग) खोज र उद्धार कार्यको लागि७५ वटै जिल्लामा जिल्ला दैवी प्रकोप उद्धार समिति मातहतमा खोज र उद्धार सामग्रीहरु भण्डारण गरी राख्ने व्यवस्था मिलाउने । यसमा न्यूनतम २५ जना उद्धार कर्मीलाई उद्धार कार्यमा प्रयोग गर्न आवश्यक पर्ने सामग्रीहरु स्थानीय एवं क्षेत्रीय आवश्यकताको आधारमा पहिचान गरी भण्डारणको व्यवस्था प्रमुख जिल्ला अधिकारीले मिलाउने ।

(घ) क्षेत्रीय दैवी प्रकोप उद्धार कोषमा रु. ७,००,०००।- (सातलाख) र जिल्ला दैवीप्रकोप उद्धार कोषमा हिमाली जिल्लामा रु. ४,००,०००/- (चार लाख) पहाडी जिल्लामा रु. ५,००,०००/- (पाँच लाख) र तराईका जिल्लामा रु. ७,००,०००/- (सात लाख)***** न्यूनतम मौज्दात कायम राख्ने व्यवस्था क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीले मिलाउने ।

ङ) सामाजिक एवं गैर-सरकारी संघ-संस्थाहरुको सहयोग समेत लिई प्रकोप व्यवस्थापन सम्बन्धी जन चेतना अभिवृद्धि गर्ने काम केन्द्र, क्षेत्र र जिल्ला स्तरमा गर्ने ।

(च) प्रकोपको समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्न जिल्ला दैवी प्रकोप उद्धार समितिले सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्र बाहेक पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने ।

(छ) खोज तथा उद्धारका लागि आउने स्वदेशी तथा विदेशी टोलीलाई सहयोग गर्ने गराउने तथा समुचित प्रवन्ध जिल्ला दैवी प्रकोप उद्धार समितिले मिलाउने ।

२) आपत्कालीन उद्धार तथा राहत वितरण

क) प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. १००,०००।- (एक लाख)**** का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने । यसरी रकम उपलब्ध गराउँदा सम्बन्धित जिल्लाको जिल्ला दैवी प्रकोप उद्धार समितिले उपलव्ध गराउने ।

ख) विपद्‌बाट घर, बहालको आवास नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमिन वा पसल/व्यवसाय***** समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि रु. १०,००० ।- (दश हजार)*** सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

ग) प्रकोपको समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्नु पर्ने अवस्था भएमा जिल्ला दैवी प्रकोप उद्धार समितिले तत्काल गृह मन्त्रालयमा सम्पर्क राखी आवश्यक व्यवस्था मिलाउने ।

घ) प्रकोपमा परि खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवारका परिवार संख्या समेत खुलेको लगत घटना हुने वित्तिकै गृह मन्त्रालयमा पठाउने ।

ङ) पीडितहरुलाई राहत वितरण गर्दा स्थानीय उद्धार समिति गठन भएको स्थानमा सो समिति मार्फत र अन्य ठाउँको हकमा जिल्ला दैवी प्रकोप उद्धार समिति मार्फत नै राहत सहयोग उपलब्ध गराउने । यसरी राहत वितरण गर्दा सम्भव भएसम्म व्यवस्थापिका ससदमा प्रतिनिधित्व रहेका सबै दलको प्रतिनिधि समेतलाई आमन्त्रण गरी जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णयको आधारमा राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने ।

च) घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत** घर पूर्णरुपमा नष्ट भएका वा पूर्ण नष्ट नभएता पनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नु पर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रय स्थल निर्माण गरी व्यवस्था गर्नु पर्ने अवस्थाका परिवारलाई प्रति परिवार रु. २०,०००।- (वीस हजार)** सम्म आर्थिक सहयोग उपलब्ध गराउने । यस्तो सहयोग जिल्ला दैवी प्रकोप उद्धार समितिले आवश्यक छानविन गरी बैठकबाट निर्णय गराएर मात्र दिने । साथै विशेष परिस्थितीको सिर्जना भएको अवस्थामा थप सहायता उपलब्ध गराउन पर्ने देखिएमा जिल्ला दैवी प्रकोप उद्धार समितिले केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा सिफारिस सहित अनुरोध गरेमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिले थप रु. १५०००।- (पन्ध्र हजार) सम्म प्रति परिवार उपलब्ध गराउने ।

छ) प्रकोपका घटनामा परी घाइते हुनेहरुलाई जिल्ला दैवी प्रकोप उद्धार समिति मार्फत सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्च भुक्तानी गरी दिने र अस्पतालबाट घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु. १,०००।- (एक हजार) र यातायात खर्च दिने ।**

(ज) प्रकोपका पीडितहरुलाई पुन:स्थापन तथा पुन:निर्माणका लागि प्रचलित नीति तथा कानून** बमोजिम वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतको जिल्ला स्थित तोकिएको निकायले सहुलियत दरमा काठ उपलब्ध गराउने ।

झ) पीडित परिवारका सदस्य मध्ये कुनै एक जनालाई वैदेशिक रोजगारमा जाने ईच्छा भएमा उमेर र अवस्थालाई विचार गरी सम्बन्धित व्यक्तिको खर्च एवं जिल्ला दैवी प्रकोप उद्धार समितिको सिफारिसमा श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाउने ।

ञ) भूकम्प, बाढी, पहिरो, आगलागी, असिना पानी, हुरी बतास, चट्याङ्ग, शीत-लहर, हिमपातका साथै प्रकोपका कारणबाट भएको** हवाई, सडक एवं डुङ्गा दुर्घटना बाट प्रभावित पीडितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराउने ।

ट) राहत तथा उद्धार कार्य सञ्चालन गर्नु पर्ने विशेष परिस्थितिमा विविध खर्चको लागि रु. ५,००० -पाँच हजार) सम्म जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णयानुसार प्रमुख जिल्ला अधिकारीले खर्च गर्न सक्ने ।

ठ) निर्धारित मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा जिल्ला दैवी प्रकोप उद्धार समितिले घटना भएको ३० दिन भित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने ।

३. सूचना व्यवस्थापन, अनुगमन र मूल्यांकन

क) राष्ट्रिय सम्पर्क केन्द्र (National Focal Point) को वेभसाईट निर्माण गरी प्रकोप सम्बन्धी सूचनाको प्रवाह (Dissemination) गर्ने ।

ख) केन्द्रमा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्दले र जिल्लामा जिल्ला प्रशासन कार्यालयले प्रकोपको घटना सम्बन्धी केन्द्रीय एवं जिल्लागत तथ्यांक अद्यावधिक गर्ने र वार्षिक रुपमा प्रकाशन गरी सार्वजनिक गर्ने ।

ग) क्षेत्रीय दैवी प्रकोप उद्धार समितिले आफु मातहतका जिल्ला दैवी प्रकोप उद्धार समितिहरुले गरेका प्रकोप व्यवस्थापन सम्बन्धी कामहरुको कम्तीमा वर्षको एक पटक अनुगमन गरी केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा प्रतिवेदन पेश गर्ने ।

घ) केन्द्रीय दैवी प्रकोप उद्धार समितिले पनि क्षेत्रीय एवं जिल्ला दैवी प्रकोप उद्धार समितिहरुले प्रकोप व्यवस्थापनका क्षेत्रमा गरेका कामहरुको आवश्यकता अनुसार सुपरीवेक्षण गर्न टोली खटाई प्रतिवेदन लिने ।

ङ) प्रकोप पीडित उद्धार एवं राहत व्यवस्थापन कार्यमा विशेष सक्रियतापूर्वक कार्य गर्ने समाजसेवी, राजनैतिक व्यक्ति, व्यवसायी, सामाजिक संघ-संस्था एवं राष्ट्र सेवक कर्मचारीहरुलाई केन्द्रीय दैवी प्रकोप उद्धार समितिको सिफारिसमा नेपाल सरकारले उचित सम्मान एवं पुरस्कारको व्यवस्था मिलाउने ।